कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

# आँखुखोला जलविद्युत कम्पनी लिमिटेड


का.म.न.पा. वडा नं. २९, अनामनगर, काठमाण्डौ
फोन नं.: ०१-४१०२५९५ फ्याक्स नं.: ०१-४१०२५९५
Email: ankhukhola@yahoo.com, Website: aankhukholahydro.com.np


## १७औं वार्षिक साधारण सभा बस्ने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२१**

यस आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको मिति २०८१/०६/२० मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार संस्थाको १७ औ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१ साल कार्तिक १२ गते (अक्टोवर २८, २०२४) सोमवार
समय : बिहान ११:०० बजे
स्थान : बैभव पार्टी प्यालेस, मैतिदेवी

**छलफलका विषयहरुः**

**सामान्य प्रस्ताव**

१ अध्यक्ष ज्यूको आ.व.२०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२ आ.व.२०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
३. आगामी आ.व.२०८१/०८२ को लागि लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक निधारण गर्ने।
४. स्वतन्त्र संचालकको नियुक्ति उपर छलफल गरी अनुमोदन गर्ने।
५. विविध।

**वार्षिक साधारण सभा सम्बन्धी जानकारीः**

१) १७औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०७/०४ गते १ दिन संस्थाको शेयर दाखिल खारेज बन्द रहनेछ।

२) शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा नागरिकता प्रमाणपत्र वा आफ्नो परिचय पत्र स्पष्ट हुने फोटो सहितको कुनै परिचय पत्र साथमा लिई आउनु पर्नेछ। परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईनेछैन।

३) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। सभा हुने दिन हाजिरी पुस्तिका बिहान ११:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म खुल्ला रहनेछ। सो समयपछि हाजिरी पुस्तिका बन्द हुनेछ।

४) प्रतिनिधि पत्र (प्रोक्सी फाराम) आँखुखोला जलविद्युत कम्पनी लिमिटेडको केन्द्रीय कार्यालय अनामनगर काठमाडौंबाट वा यस संस्थाको शेयर रजिष्ट्रार नबिल ईन्भेशमेन्ट बैकिङ्ग लि. नक्साल काठमाण्डौबाट प्राप्त गर्न सकिने छ।

५) प्रतिनिधि पत्र (प्रोक्सी फाराम) सभा शुरु हुनुभन्दा न्यूनतम ७२ घण्टा अगावै अर्थात २०८१/०७/०८ गते बिहान ११:०० बजेभित्र संस्थाको केन्द्रीय कार्यालय अनामनगर काठमाडौं दर्ता गरिसक्नु पर्नेछ।

६) शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइनेछैन। प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानूनले तोकेको ढाँचामा दिनुपर्नेछ। संस्थाको शेयधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन पाईनेछैन। त्यसरी दिएको प्रोक्सी बदर हुनेछ।

७) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले संस्थाको सम्बन्धित समूह/उपसमूहको अर्को कुनै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्ने छैन। त्यसरी प्रोक्सी मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभएतापनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन्। यसरी प्रतिनिधि पठाउँदा सभा हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै अर्थात मिति २०८१/०७/०८ गते बिहान ११ बजेभित्रमा संस्थाको केन्द्रीय कार्यालय अनामनगर, काठमाडौंमा लिखित रुपमा जानकारी दिनुपर्नेछ।

८) एकजना शेयरधनीले एकभन्दा बढिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बन्द हुनेछ। तर पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिइएको प्रतिनिधि पत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्र साथ प्रतिनिधि पत्र (प्रोक्सी फाराम) तोकिएको समय अवधिभित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधि पत्र (प्रोक्सी फाराम) लाई मान्यता दिइनेछ।

९) प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनीले सभाको कामकारवाही सुरु हुनुभन्दा अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधि-पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ।

१०) नावालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबको संरक्षकका रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नुहुनेछ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**